

बालसन्दर्भ सामग्री

बालबोध - ५१

# हाम्रा लोकबाजाहरु

बालसन्दर्भ सामग्री

बालबोध - ५१



# हाम्रा लोकबाजाहरु

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

प्रकाशक : श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

लेखन : रामप्रसाद कँडेल

कार्यक्रम संयोजन : हर्कप्रसाद श्रेष्ठ

सामग्री संयोजन : भरत नेपाली प्याकुरेल

सम्पादन : जयप्रसाद लम्साल

भाषा सम्पादन : शम्भुप्रसाद दाहाल
गणेशप्रसाद भट्टराई

आवरण तथा रूपविन्यास : नवीन्द्र राजभण्डारी
गौतम मानन्धर

चित्राङ्कन : गङ्गाधर शारू

फोटो सौजन्य : पदम गुरुङ, नेपाली लोकबाजा सङ्ग्रहालय, काठमाडौँ

ISBN: 99933-712-2-X

पहिलो संस्करण : वि. सं. २०६२

मुद्रण सङ्ख्या : ५,००० प्रति

मुद्रक : एनपिटिसी लिमिटेड, फोन : ४४७६२२६, ४४७७३७१

## हाम्रो भनाइ

पाठ्यक्रम विकास केन्द्रबाट निर्माण गरिएका विविध पाठ्यसामग्रीहरूमध्ये बालसन्दर्भ सामग्रीले बालबालिकाको मानसिक विकास गर्न र अध्ययन रुचि, जिज्ञासु प्रवृत्ति एवम् सिकाइक्रमको परिधिलाई समेत अझ विस्तृत गरी विस्तृत र फराकिलो पार्न प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा राखेको छ ।

यिनै तथ्यलाई आत्मसात् गर्दै विद्यालय पाठ्यक्रममा समाविष्ट अन्तर्निहित मर्मलाई अझ बढी सबलीकृत गर्ने मूल उद्देश्य बालसन्दर्भ सामग्रीले लिएको छ ।

प्राथमिक तहका बालबालिकाहरूको मनोवैज्ञानिक, संवेगात्मक तथा बौद्धिक स्थितिलाई लक्षित गर्दै विकास गरिएका यी सामग्रीहरूमा सरल भाषाको माध्यमबाट मनोरञ्जनात्मक पढाइ, शब्द ज्ञान, पठन गति, नवीन ज्ञान एवम् खोजपरक धारणाको विकास गरी सहपठनको बानीलाई प्रेरित गर्दै स्वअध्ययनमा निरन्तरता दिई उनीहरूले आर्जन गरेका असल सोच, प्रवृत्ति तथा व्यवहारलाई जीवन शैलीमा उतार्न सकून् भन्ने अभीष्ट राखिएको छ ।

विगतका वर्षहरूमा विविध ४८ ओटा शीर्षकमा बाल सन्दर्भसामग्रीहरू प्रकाशित भइसकेका छन् । यो वर्ष पनि अन्य ५ ओटा शीर्षकसमेत थप गरी ५३ ओटा सामग्रीहरू प्रकाशित भएका छन् । सामग्रीहरू सकेसम्म बहुआयामिक, सरल, तथा बोधगम्य तवरले निर्माण गर्ने प्रयास भएका छन् । यी सामग्रीको विकासमा सल्लाह, लेखन, संयोजन, सम्पादन, चित्राङ्कन, रूपविन्यास एवम् उत्पादन कार्यमा सहयोग प्रदान गर्नुहुने सम्बद्ध सम्पूर्ण महानुभावहरूलाई पाठ्यक्रम विकास केन्द्र धन्यवाद ज्ञापन गर्दछ ।

सामग्रीलाई अझै उद्देश्यमूलक, उपलब्धिमूलक एवम् गुणस्तरीयता प्रदान गर्ने प्रयासमा विद्यार्थी, शिक्षक, लेखक, अभिभावक एवम् बुद्धिजीवीबाट समेत थप सल्लाह र सुझावको अपेक्षा गर्दछौं ।

जगन्नाथ अवा
कार्यकारी निर्देशक
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

वि. सं. २०६२

## विषयसूची


| क्र. स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| ०१. | शङ्ख | १ |
| ०२. | सारङ्गी | १ |
| ०३. | झुर्मा | २ |
| ०४. | नरसिङ्गा | २ |
| ०५. | रोइला खैंजडी | ३ |
| ०६. | ता: | ३ |
| ०७. | थुन्दर | ४ |
| ०८. | सनई | ४ |
| ०९. | पुँगी | ५ |
| १०. | टुङ्ना | ५ |
| ११. | यलम्बर | ६ |
| १२. | बानो | ६ |
| १३. | मुरली | ७ |
| १४. | काङ्लिङ् | ७ |
| १५. | एकतारे | ८ |
| १६. | डम्बा | ८ |
| १७. | ककुवय् | ९ |
| १८. | नगरा | ९ |
| १९. | बालनखैंजडी | १० |
| २०. | उर्नी | १० |
| २१. | डोङ्मेज | ११ |
| २२. | शिखर | ११ |
| २३. | तुरही (तुरई) | १२ |
| २४. | सिङ्गा | १२ |
| २५. | मन्द्रा | १३ |
| २६. | के (च्याम्ब्रुङ) | १३ |
| २७. | ढोल | १४ |
| २८. | ढोलकी | १४ |
| २९. | धा: | १५ |
| ३०. | नायुखिं | १५ |
| ३१. | ट्याम्को | १६ |
| ३२. | ढ्याङ्ग्रो | १६ |
| ३३. | हुड्को | १७ |
| ३४. | च्योदर | १७ |
| ३५. | दमाहा | १७ |
| ३६. | चाँप | १८ |
| ३७. | गोल्की | १८ |
| ३८. | मुर्चुङ्गा | १९ |
| ३९. | बिनायो | १९ |
| ४०. | मसक | २० |
| ४१. | सोरठी मादल | २० |
| ४२. | पालुवा | २१ |
| ४३. | डफली | २१ |
| ४४. | फामुक | २१ |
| ४५. | पुङ | २२ |
| ४६. | शृङ्गीनाद | २२ |
| ४७. | इर्लुङ पिपरी | २२ |
| ४८. | डक्कारी | २३ |
| ४९. | तमौरा | २३ |
| ५०. | झर्रा | २४ |
| ५१. | छ्याला | २४ |
| ५२. | हुड | २४ |
| ५३. | ढमकेन | २५ |
| ५४. | छ्योन्डा | २५ |
| ५५. | किङ्गरुवा | २६ |
| ५६. | बयलघण्ट | २६ |
| ५७. | गोपाल डन्डी | २७ |
| ५८. | थनौरो | २७ |
| ५९. | मादल | २८ |
| ६०. | च्याम्रङ | २८ |

# शङ्ख

शङ्ख समुद्री जीवबाट बनेको सेतो रङको हुन्छ । यसलाई फुकेर बजाइन्छ । प्राय:जसो धार्मिक एवम् सांस्कृतिक कार्यमा शङ्खको प्रयोग हुन्छ ।




बिहान र बेलुकी आरती गर्दा स्वर फिराएर शङ्ख बजाइन्छ । पूजापाठ सुरु गर्दा र सकिने बेलामा पनि शङ्ख बजाइन्छ ।

कतिपय जातिमा मुर्दालाई घाट लैजाँदा शङ्ख बजाउने चलन छ ।

# सारङ्गी

सारङ्गी गन्धर्व जातिको परम्परागत बाजा हो । सारङ्गी धनुले रेटेर बजाइने बाजा हो । सारङ्गीमा चारओटा तारहरू हुन्छन् । विशेषगरी खिर्राको काठबाट बनाइएको सारङ्गी राम्रो मानिन्छ । सारङ्गीको शिर भागमा विभिन्न बुट्टाहरू कुँदिएका हुन्छन् ।



सारङ्गीको स्वर ज्यादै मीठो हुन्छ । यसको सुरमा गीत गाउन सजिलो मानिन्छ ।

# झुर्मा



झुर्मा पन्चैबाजा र नौमतीबाजा समूहको तालबाजा हो । यो काँसबाट बनेको हुन्छ ।

यो बाजा दुवै हातले समातेर विभिन्न तालमा ठोकेर बजाइन्छ । यसलाई विभिन्न ताल तथा बोलहरूमा बजाउन सकिन्छ ।

# नरसिङ्गा



नरसिङ्गा पन्चैबाजा समूहको मुख्य बाजा हो । यो बाजा फुकेर बजाइन्छ । यो तामाको पातलो पाताबाट बनेको हुन्छ । यो झन्डै अर्धचन्द्र आकारको हुन्छ ।

यस बाजाको स्वर आउने भाग ठूलो र फुक्ने भाग सानो हुन्छ । नरसिङ्गा पाँच मुखदेखि सात मुखसम्मको हुन्छ ।

नेपालमा सबैभन्दा लामो नरसिङ्गा कास्की जिल्लाको कास्कीकोटमा छ । यसको लम्बाइ करिब सात हात छ ।

# पुँगी



पुँगी तराई क्षेत्रका सर्प नचाउने सपेराहरूले बजाउने बाजा हो । यो फुकेर बजाइन्छ । सपेराहरूले आफ्ना केटाकेटीहरूलाई बीन (बाँसुरीका जस्ता दुई नलीमा तीनतीनओटा प्वाल भएको बाजा) बजाउन सिकाउनुभन्दा पहिले यो बाजा बजाउन सिकाउँछन् ।

नरिवलको गट्टामा गोपीबाँसको तीनओटा नली जोडी यो बाजा बनाइन्छ । यस बाजाको शिर भागमा बाँसकै छोटो डन्डी हुन्छ ।

# टुङ्ना



टुङ्ना हिमाली भेगमा ज्यादै लोकप्रिय तारबाजा हो । यो गुराँस जातको काठबाट बनाइन्छ ।

यो बाजा झन्डै डेढदेखि दुई हातसम्मको लामो हुन्छ । यसको शिर भागमा शार्दूलका टाउकाको मूर्ति कुँदिएको हुन्छ ।

टुङ्नामा चारओटा तार जडिएका हुन्छन् । यो बाजा काँधमा भिरेर दाहिने हातले नख्खी र देब्रे हातले तार थिचेर बजाइन्छ ।

# यलम्बर



यलम्बर देख्नमा बाँसको ढुङ्ग्रोजस्ता हुन्छ । यो बाजा भालुबाँसका दुवै आँख्ला नफुटेको गिँडबाट बनाइएको हुन्छ । यस बाजाको बीच भागमा एक अङ्गुल लामो र एक अङ्गुल चौडाइको प्वाल पारिएको हुन्छ । प्वालको दुवैतिर दुईओटा तार निकालिएका हुन्छन् । प्वालको ठीकमाथि तारमा बाँसको पातलो पाता अड्याइएको हुन्छ ।

यलम्बर तालबाजाअन्तर्गत पर्छ । यसको नाम किराँती राजा यलम्बरको नामबाट रहन गएको हो भनिन्छ ।

# बानो



बानो अर्धचन्द्राकारको हुन्छ । यो तामाबाट बनेको सुरबाजा हो । यो मुखले फुकेर बजाइन्छ । यो एक मुडी हात लामो हुन्छ । यस बाजाको अगाडिको भागमा अनेकौँ बुट्टा बनाइएका हुन्छन् ।

यो बाजा बौद्ध गुरुहरूले प्रयोग गर्छन् । बौद्ध विहारहरूमा हुने धार्मिक तथा सांस्कृतिक चाडपर्वहरूमा यो बाजा बजाउने गरिन्छ ।

# रोइला खैंजडी



रोइला खैंजडी दारको काठबाट बनाइएको तालबाजा हो । यसको दुवैपट्टि मृगको छाला मोरिएको हुन्छ । यो बाजा एक हातले समातेर अर्को हातले ठोकेर बजाइन्छ ।

रोइला खैंजडी नेपालको गण्डकी क्षेत्रमा बढी प्रचलित छ ।

# ता:

ता: बाजा काठमाडौं उपत्यकामा प्रचलित बाजा हो । यो काँसबाट बनेको हुन्छ । यो आधा अङ्गुल बाक्लो र पाँच अङ्गुल अर्धव्यासको हुन्छ । यो बाजा दुवै हातमा लिई ठोकेर बजाइन्छ ।

ता:को बीचमा प्वाल पारी मोटो धागो वा कपडाको ध्वजाले बाँधिएको हुन्छ । यसले गर्दा समात्नलाई सजिलो हुन्छ ।

यो बाजा भजन तथा चर्या नृत्यमा बजाइन्छ ।





# थुन्दर

थुन्दर देख्नमा डमरुजस्तै हुन्छ । यो बाजा लामाहरूको विशेष पूजामा प्रयोग गरिन्छ । घ्याङ तथा गुम्बामा यो बजाइन्छ ।


# सनई

सनई पन्चैबाजा समूहको प्रमुख बाजा हो । यो बाजा फुकेर बजाइन्छ । यो ज्यादै मीठो स्वरको सुरबाजा हो । चर्को स्वर (टिप) मा मात्र यो बाजा बजाउन सकिन्छ ।

नुवाकोट र धादिङ जिल्लामा बजाइने सनईलाई टिपसहने भनिन्छ । हाल सहनेको प्रयोग निकै कम हुँदै गएको छ ।



# मुरली



मुरली नेपालीहरूको ज्यादै लोकप्रिय बाजा हो । यो फुकेर बजाइन्छ । यो बज्दा तिरिरी . . . गरेर मीठो आवाज सुनिन्छ ।

मुरली बाँसबाट बनेको हुन्छ । निगालो वा गोपीबाँसको मुरली अति राम्रो मानिन्छ ।

मुरली बनाउँदा एक आँख्ला बाँसको एकापट्टि छड्के बनाई ताछिन्छ । त्यसको मुखमा भक्किमिलो जातको काठ ठोकी त्यसको नजिक एउटा प्वाल बनाइन्छ । त्यसको केही तल स्वरका लागि छओटा प्वाल पारिएका हुन्छन् ।

# काङ्लिङ्



काङ्लिङ् ज्यादै पुरानो बाजा हो । यो बाजा मानिसको नलीखुट्टाको हाडबाट बन्छ । यसलाई तन्त्र साधनामा पूर्णता प्राप्त जोगीबाबाहरूले मात्र प्रयोग गर्छन् । यो बाजा लामाहरूले पूजा गर्दा तथा झाँक्रीहरूले उपचार गर्दा पनि बजाउने गर्छन् ।




# एकतारे

एकतारे सन्त र जोगीबाबाजीहरूको प्रिय बाजा हो । यसलाई औँलाले बजाइन्छ । यो बाजा एउटा मात्र तारलाई दुई हातसम्मको डन्डामा तुम्बो जोडी बनाइन्छ । यसको तार मिलाउन टुप्पामा काठको चुकुल जडिएको हुन्छ ।

# डम्बा

डम्बा तामाङ जातिमा प्रचलित बाजा हो । यो बाजा ठोकेर बजाइन्छ ।



डम्बा आमु जातको रूखको काठबाट बनाइन्छ । यसमा गोलो घेरो बनाई घोरलको छाला टाँगी बत्तीसओटा बाँसका किला ठोकिएका हुन्छन् । यसको शिर भागमा डाँफेको मूर्ति कुँदिएको हुन्छ ।

तामाङहरूको ताम्बा गीतमा यो बाजा बजाउनु अनिवार्य मानिन्छ । डम्बा नबजाई तामाङ जातिको कुनै पनि साङ्गीतिक समारोह पूरा हुँदैन ।

डम्बा तामाङ जातिका पुर्खा पेङदोर्जेले बनाएको विश्वास गरिन्छ ।

# ककुवय्




ककुवय् काठमाडौँ उपत्यकाका ज्यापू समुदायको प्रिय बाजा हो । यो बाजा फुकेर बजाइन्छ ।

ककुवय् एक बित्ता जति लामो काठलाई मुरलीमा जस्तै प्वाल पारी बनाइन्छ । यसको स्वर मुरलीको भन्दा अलि धोद्रो हुने भए तापनि ज्यादै मीठो सुनिन्छ ।

उपत्यकामा विभिन्न सांस्कृतिक पर्वहरूमा ज्यापूहरूको समूह आफ्नो सांस्कृतिक पहिरनमा ककुवय् बजाउँदै हिँडेको देख्न सकिन्छ ।

# नगरा

नगरा नेपालको ज्यादै पुरानो तालबाजा हो । यो बाजा दुईओटा गजाले ठोकेर बजाइन्छ ।



नगरा तामाबाट बनेको हुन्छ । यसको मुखमा छाला मोरिएको हुन्छ । हाम्रा मन्दिरहरूमा आरती गर्ने बेलामा यो बाजा बजाउने चलन छ ।

पहिलेपहिले विभिन्न चाडपर्वमा यो बाजा बजाइन्थ्यो । हाल आएर यो बाजा ज्यादै कम मात्रामा बजेको पाइन्छ ।

# बालनखैंजडी




बालनखैंजडी भजनकीर्तनमा बजाइन्छ । यसलाई एक हातले समातेर अर्को हातले ठोकेर बजाइन्छ ।

यो बाजा दारको काठमा रतुवा मृगको छाला मोरेर बनाइएको हुन्छ ।

बालनखैंजडी रामायण, कृष्णचरित्र तथा महाभारतका कथाहरूलाई आधार मानी खेलिने बालनमा बजाइन्छ । बालन खेल्दा तथा भजन गाउँदा मात्र प्रयोग गरिने भएकाले यसलाई बालनखैंजडी भनिएको हो ।

# उर्नी



उर्नी धिमाल जातिको मौलिक लोकबाजा हो । यो बाजा तारमा रेटेर एक औँलाले बजाइने सुर बाजा हो ।

यो बाजा एक हात जति लामो काठलाई नरिवलको गट्टामा जोडेर बनाइएको हुन्छ ।

उर्नी धिमालहरूको कुलदेवताको पूजा र धार्मिक कार्यक्रमहरूमा नभई नहुने महत्त्वपूर्ण बाजा हो ।

# डोङ्मेन



डोङ्मेन हिमाली क्षेत्रका सेर्पा जातिको बाजा हो । यो बाजा औँलाले बजाइन्छ । यो दुई हातसम्म लामो हुन्छ । यस बाजामा छदेखि आठओटासम्म तार मिलाएर राखिएका हुन्छन् । यसको शिरमा शार्दूलको मूर्ति जडिएको हुन्छ ।


डोङ्मेन सुर र ताल दुवैमा बजाउन सकिन्छ । यो बाजा विशेषगरी सेब्रु नाच र सेलो नाचमा बजाइन्छ ।


आजकाल यो बाजा लामटाङ उपत्यका र सिन्धुपाल्चोकको उत्तरपश्चिमी भेगमा पाइन्छ ।

# शिखर

शिखर गोरखातिर प्रचलित सुरबाजा हो । यो बाजा मुखले फुकेर बजाइन्छ ।

यो तामाबाट बनेको हुन्छ । यसको आवाज आउने मुख गोलो हुन्छ । यो दुई हात जति लामो हुन्छ । यो बाजा घुमाउरो र अङ्ग्रेजीको 'यु' (U) आकारमा मोडिएको हुन्छ ।





# तुरही (तुरई)

तुरही कुनै कार्यक्रम वा सन्देश दिनका लागि बजाइने सुरबाजा हो । यो बाजा फुकेर बजाइन्छ ।

तुरही अर्धचन्द्राकार हुन्छ । यो दुई हात जति लामो हुन्छ । यो तामाको पातलो पाताबाट बनाइएको हुन्छ ।

तुरही बजाउँदा तीखो तुरुरु . . . आवाज आउने भएकाले यसको नाम तुरही राखिएको हुन सक्छ ।



# सिङ्गा

सिङ्गा बाजा देख्नमा नरसिङ्गाजस्तै हुन्छ । नरसिङ्गासँग मिल्दोजुल्दो भए तापनि यसको आवाज भने फरक हुन्छ ।

सिङ्गा अर्धचन्द्रआकार हुन्छ । यो तीन हात जति लामो हुन्छ । यो बाजा तामाको गोलो पाताबाट बनेको हुन्छ ।

सिङ्गा नेपालको जनकपुर क्षेत्रमा प्रचलित बाजा हो ।

# मन्द्रा

मन्द्रा थारू जातिमा प्रचलित बाजा हो । देख्नमा यो मादलजस्तै हुन्छ । यो बाजा हातले ठोकेर बजाइन्छ ।



मन्द्राको एकापट्टि बीच भागमा खरी दलिएको हुन्छ । यस बाजामा गीतको भाकाअनुसार तान कस्ने र खुकुलो पार्ने गरिन्छ ।

मन्द्रा दाङ देउखुरीदेखि सुर्खेतसम्म प्रयोग गरिन्छ । थारू जातिको बडकीमार नाचको साथै अन्य साङ्गीतिक पर्वहरूमा मन्द्रा बजाइन्छ ।

# के (च्याब्रुङ)

के (च्याब्रुङ) लिम्बू जातिको पुरानो तालबाजा हो । देख्नमा यो मादलजस्तै आकारको हुन्छ । यो हातले ठोकेर बजाइन्छ ।

काठको ढुङ्ग्रो बनाएर त्यसको दुवैपट्टि छाला मोरेर यो बाजा बनाइन्छ । पहिलेपहिले यस बाजामा बाघको छाला प्रयोग गरिन्थ्यो भन्ने भनाइ छ । यो बाजाको स्वर बाघ घुरेको जस्तो सुनिन्छ ।



आजभोलि के (च्याब्रुङ) को प्रयोगमा निकै कमी आएको छ ।

# ढोल



ढोल तालबाजा हो । देख्नमा यो मादलजस्तो हुन्छ । यसको दुवैतिरको व्यास बराबर आकारको हुन्छ । यसको एकापट्टि गजो र अर्कोपट्टि हातले ठोकेर बजाइन्छ ।

ढोल सानाठूला विभिन्न आकारका हुन्छन् । यसलाई विभिन्न जातजातिले आफ्नै ताल र बोलहरूमा प्रयोग गर्ने गरेको पाइन्छ ।

# ढोलकी

ढोलकी पन्चैबाजा समूहमा पर्ने तालबाजा हो । यो बाजा एकापट्टि हात र अर्कोपट्टि गजोले हिर्काएर बजाइन्छ ।

यो बाजा काठको ढुङ्ग्रोमा दुवैपट्टि छालाले मोरेर बनाइएको हुन्छ । यसको दुवै छेउको व्यास बराबरको हुन्छ । यसमा हातले बजाउनेतर्फ पातलो र गजोले बजाउनेतिर बाक्लो छाला कसिएको हुन्छ ।

ढोलकी विभिन्न तालमा बजाउन सकिन्छ ।



# धा:



धा: बौद्ध धर्मावलम्बीहरूमा प्रचलित ज्यादै पुरानो तालबाजा हो । यो बाजा देख्नमा ढोलजस्तै हुन्छ । यो बाजा एकापट्टि हातले र अर्कोपट्टि हातले ठोकेर बजाइन्छ ।

काठमाडौँ उपत्यकामा बौद्धहरूको गुँला पर्वमा एक महिनाभरि धा: बजाउने चलन छ । अन्य उत्सव तथा चाडपर्वहरूमा पनि धा: बजाइन्छ । यो बाजा बजाउँदै चैत्य तथा देवस्थलहरू घुम्ने चलन छ ।

# नाय्खिं

नाय्खिं काठमाडौँ उपत्यकाको ज्यादै पुरानो तालबाजा हो । देख्नमा यो बाजा ढोलकीजस्तै हुन्छ । यो बाजा गजोले ठोकेर बजाइन्छ ।

नाय्खिंको दुवैपट्टि छालाले मोरेको हुन्छ । विभिन्न चाडपर्व तथा सांस्कृतिक कार्यक्रमहरूमा यो बाजा बजाइन्छ । शवयात्रामा पनि नाय्खिं बजाउने गरिन्छ ।



# ट्याम्को



ट्याम्को पन्चैबाजा र नौमतीबाजा अन्तर्गतको सबैभन्दा सानो तालबाजा हो । यो बाजा कम्मरमा भिरेर बजाइन्छ । यो बाजा दुईओटा ससाना गजोले टुनपुल्टुन . . . टुनपुल्टुन . . . गरेर तालमा बजाइन्छ ।

ट्याम्को अर्धव्यासको लगभग एक बित्ता हुन्छ । यो माटो वा काठको पात्रमा छालाले मोरेर बनाइएको हुन्छ ।

# ढ्याङ्ग्रो



ढ्याङ्ग्रो धामीझाँक्रीहरूले झारफुक गर्दा प्रयोग गर्ने बाजा हो । यो बाजा मृत्यु संस्कार र पूजामा पनि बजाइन्छ ।

ढ्याङ्ग्रो काठको घेरोमा दुवैपट्टि छाला टम्म मिलाएर कसिएको हुन्छ । यो बाजा बजाउँदा बेतको गजो प्रयोग गरिन्छ ।

# हुड्को


हुड्को देख्नमा डमरुजस्तो हुन्छ । यो बाजा मध्यपश्चिमाञ्चल क्षेत्रमा भारत र अन्य लोकगीत गाउँदा बजाइने तालबाजा हो ।



# च्योदर

च्योदर डमरुजस्तो आकारको तालबाजा हो । च्योदर खयर जातको काठमा मृगको छाला मोरेर बनाइएको हुन्छ ।

गुम्बाका लामाहरूले मन्त्र उच्चारण गर्दा बिस्तारै यो बाजा बजाउँछन् ।




# दमाहा

दमाह पन्चैबाजा समूहको तालबाजा हो । यो घाँटीमा भिरेर एउटा ठूलो गजाले ठोकेर बजाइन्छ । यसको आवाज गुइँ . . . गुइँ . . . सुनिन्छ ।

दमाहा तामाको घेरामा छाला मोरेर बनाइएको हुन्छ । पानीले दुई दिन जति भिजाइएको दमाहा राम्रो बज्छ भनिन्छ ।






# चाँप

चाँप तालबाजा हो । लोकनाचहरूमा नर्तक-नर्तकीहरूले खुट्टामा चाप बाँधेर नाच्छन् ।

चाँप ससाना काँसका गोला फूलहरूबाट बनाइन्छ । यी फूलहरूलाई बलियो धागामा उनेर चाँप बनाइन्छ । यसमा नौदेखि सत्ताईस ओटासम्म काँसका फूलहरू जडिएका हुन्छन् ।

गीतको भाकाअनुसार साना र ठूला फूलहरूको अलगअलग चाँप प्रयोग गरिन्छ ।




# गोल्की

गोल्की उदयपुरका थारू जातिको लोकबाजा हो । अन्यत्र पनि यो बाजा बजाइन्छ ।

यो बाजा बाँसको टुक्राको बीचको भाग निकाली तलपट्टि छाला ठोकी बनाइन्छ । यसमा फेददेखि टुप्पासम्म एउटा तार जोडिन्छ । यो बजाउँदा छेउका भाटा हल्लाउने र तार कोट्याउने गरिन्छ ।

# मुर्चुङ्गा

मुर्चुङ्गा ज्यादै पुरानो नेपाली लोकबाजा हो । यो बाजा विशेषगरी किराँतहरूले बजाउने गर्छन् ।



मुखको तलमाथिको दुवै दाँतलाई मुर्चुङ्गाको दुवै भाग छुवाई बीचको जिब्रो कोट्याएर यो बाजा बजाउने गरिन्छ । यसबाट मुखभित्र श्वास चलाउँदै अनेकौं स्वर र ताल निकाल्न सकिन्छ । मुर्चुङ्गाको स्वर ज्यादै मीठो सुनिन्छ ।

मुर्चुङ्गालाई भगवान् शिवको प्रिय बाजा पनि मानिन्छ । यो बाजा किराँतेश्वर महादेवले प्रचलनमा ल्याएको हो भन्ने विश्वास गरिन्छ ।

# बिनायो

बिनायो किराँत महिलाहरूको निकै लोकप्रिय बाजा हो । यो छिप्पिएको निगालाबाट बनाइन्छ । बिनायोको बीच भागमा धागो जोडिएको सानो जिब्री हुन्छ । हातले त्यो जिब्री हल्लाएर बिनायो बजाइन्छ ।



किराँत महिलाहरूले यो बाजा चोलीको तुनामा बाँधेर राख्छन् । घाँस, दाउरा, मेलापात आदि गर्दा उनीहरू बिनायो बजाउने गर्छन् ।

# मसक




मसक बझाङतिरका बादी जातिमा प्रचलित सुरबाजा हो । यसमा जडिएका तारहरू रेटेर यो बाजा बजाइन्छ ।

मसक करिब एक हात लामो हुन्छ । यो प्राय: पैयुँको काठबाट बनाइएको हुन्छ । यस बाजामा चारओटा मुख्य तार र अरू सहायक तारहरू हुन्छन् । आजकल यो बाजा निकै कम प्रचलनमा रहेको छ ।

# सोरठी मादल

सोरठी मादल दुरा, मगर, गुरुङ, कुमाल आदि जातिमा प्रचलित तालबाजा हो । यो बाजा सोरठी गीतमा मात्र बजाइन्छ ।

छत्तिउनको काठमा दुवैतिर छालाले मोरेर, त्यसमाथि खरी दलेर सोरठी मादल बनाइन्छ । यो मादल अरू मादलजस्तो एकापट्टि सानो र अर्कोपट्टि ठूलो नभई दुवैतिर बराबर हुन्छ ।



# पालुवा

पालुवा मध्यपहाडी क्षेत्रमा गोठालाहरूले बजाउने बाजा हो । साल, चिलाउने आदिको कलिलो पातलाई पालुवाको रूपमा बजाइन्छ । ओठमा टम्म जोडेर हावाको सन्तुलित फुकाइबाट यो बाजा बजाइन्छ ।



विशेष गरेर वसन्त ऋतुमा पालुवा बजाइने गरिन्छ । यसबाट विभिन्न स्वर तथा चराचुरुङ्गीहरूको आवाज निकाल्न सकिन्छ ।

# डफली

डफली लुम्बिनीको तराई क्षेत्र (स्युराज) मा प्रचलित लोकबाजा हो । यो बाजा एकातर्फ मात्र छाला मोरिएको तालबाजा हो । एक हातले समातेर अर्को हातले बजाइन्छ ।



# फामुक

फामुक लिम्बू जातिमा प्रचलित सुरबाजा हो । बाँसका तीन गिँडलाई लहरै मिलाएर फामुक बनाइन्छ । गिँडहरू कुनै लामा र कुनै छोटा हुन्छन् ।



फामुकबाट विभिन्न चराचुरुङ्गीका आवाज निकालिन्छ ।



# पुङ

पुङ सोलु क्षेत्रका किराँतहरूको सुरबाजा हो । यो बाजा फुकेर बजाइन्छ ।

पुङ गोरुको सिङबाट बनाइन्छ । सिङको चुच्चो भागलाई मठारेर प्वाल पारी फुक्न लायक बनाइन्छ ।


यस बाजाको प्रयोग पितृकार्यमा गरिन्छ ।



# शृङ्गीनाद

शृङ्गीनाद नाथ सम्प्रदायको बाजा हो । यो फुकेर बजाइन्छ । यो बाजा कृष्णसारको सिङबाट बनेको हुन्छ ।

जोगीहरूले कात्तिक र चैत महिनाको राति घरघर गएर शृङ्गीनाद बजाउँछन् । शृङ्गीनाद बजाएपछि भूत, प्रेत आदि भाग्छन् भनिन्छ । बखान गरी शृङ्गीनाद बजाएको घरमा देवीदेवताको बास हुन्छ भनिन्छ ।



# इर्लुङ पिपरी

इर्लुङ पिपरी कुसुन्डा जातिमा प्रचलित सुरबाजा हो । यो बाजा फुकेर बजाइन्छ ।

# डक्कारी


डक्कारी मिथिला क्षेत्रमा प्रचलित सुरबाजा हो । यसमा छओटा तार हुन्छन् । सल्लाको खोटो लगाइएको घोडाको पुच्छरको धनुले रेटेर यो बाजा बजाइन्छ ।

डक्कारी एक हात जति लामो हुन्छ । यसको तल्लो भागमा पातलो छाला मोरिएको हुन्छ । यसमा रहेको तार उचाल्नका लागि काठको घोडी प्रयोग गरिन्छ ।

# तमौरा


तमौरा चितवनका थारू जातिमा प्रचलित तारबाजा हो । यसमा एउटा मात्र तार हुन्छ । यो बाजा तुम्बा र सतिसालको काठमा तार जोडी बनाइन्छ ।

विभिन्न चाडपर्व तथा क्रिया बसेको बेलामा पौराणिक गाथा गाउँदै तमौरा बजाइन्छ । ती गाथाहरूमा मानिसको आत्मा कहिल्यै मर्दैन भन्ने उपदेश दिइएको हुन्छ ।




# झर्रा

झर्रा मगर जातिमा प्रचलित लोकबाजा हो । यो बाजा फलामको कल्लीजस्तै देखिन्छ । यसको बाहिरी भाग खुलेको हुन्छ । यसको बीचमा फलामकै गेडी राखिएको हुन्छ ।



तनहुँ, पूर्वी पाल्पा तथा स्याङ्जा क्षेत्रमा नाचिने कडुवा नाचमा झर्राको प्रयोग गरिन्छ । मगर जातिमा विवाह नभएका केटीहरूले खुट्टामा झर्रा बाँधी नाच्छन् ।

# छ्याला



छ्याला गुरुङ जातिको पुरानो तालबाजा हो । देख्नमा यो काँसको सानो झ्यालीजस्तै हुन्छ । ल्होछार पर्व र अन्य धार्मिक तथा पितृकार्यहरूमा छ्याला बजाइन्छ ।

# हृङ

हृङ चेपाङ जातिको तालबाजा हो । चेपाङ जातिमा झारफुक तथा तन्त्रमन्त्र गर्दा यो बाजा बजाइन्छ । हृङमा एकातर्फ मात्र छालाले मोरेको हुन्छ ।



# ढमकेन




ढमकेन थकाली जातिको प्रमुख लोकबाजा हो । यो डेढ हात जति लामो हुन्छ । यसमा चारओटा तार हुन्छन् । औँलाले यो बाजा बजाइन्छ । ढमकेनको शिरभागमा शार्दूलको मूर्ति कुँदिएको हुन्छ ।


# छ्योन्ङा

छेयोन्ङा हुम्लाका बौद्धमार्गीहरूमा प्रचलित लोकबाजा हो । यो बाजा धार्मिक उत्सवहरूमा गुम्बामा बजाउँछन् । धूपी वा भोजपत्रको हाँगाबाट बनेको गजाले यो बाजा बजाइन्छ ।

छ्योन्ङा दुवैतर्फ छालाले मोरेर बनाइएको हुन्छ ।



# किङ्गरुवा



किङ्गरुवा मध्यपश्चिम नेपालको तराई क्षेत्रमा प्रचलित तारबाजा हो । यसमा दुईओटा तार जडिएका हुन्छन् । तार कस्नलाई माथिल्लो भागमा दुईओटा मुर्रा जडिएका हुन्छन् । तारलाई घोडाको पुच्छरको रौँबाट बनेको धनुले रेटेर यो बाजा बजाइन्छ ।

किङ्गरी जातिका मानिसहरू लोकगीत गाउँदै किङ्गरुवा बजाउँदै हिँड्छन् । आजभोलि यस बाजाको प्रयोग कम हुँदै गइरहेको छ ।

# बयलघण्ट



बयलघण्ट नेपालको तराई क्षेत्रमा प्रचलित बाजा हो । यो खमारी वा भेल्लरको काठबाट बनाइन्छ । यो आयाताकारको हुन्छ । यस भित्र खोपेर दुईओटा काठकै रालो झुन्ड्याइएको हुन्छ ।

गाडा तान्ने गोरु (बयल) को घाँटीमा बयलघण्ट झुन्ड्याइन्छ । गोरुको हिँडाइको तालमा हल्लेर यो बज्ने गर्छ ।

# गोपाल डन्डी



गोपाल डन्डी कडा काठका दुईओटा (जोडी) डन्डी हुन् । यो तालबाजा हो । यो बाजा तराई क्षेत्रतिर रास नाचमा प्रयोग गरिन्छ ।


समूहमा नृत्य गर्दा एकआपसमा ठोक्काएर यो बाजा बजाउने गरिन्छ । समूहमा नृत्यसँगै एकै तालमा यो बाजाको ट्याक . . . ट्याक . . . आवाज निकै मीठो सुनिन्छ ।

अझै राम्रो पार्न यसको फेदमा रङ्गीबिरङ्गी कपडाका झल्लरहरू बाँधिएका हुन्छन् ।

# थनौरो

थनौरो किराँत खुम्बु जातिमा प्रचलित तालबाजा हो । यो बाजा चिम्टाजस्तै आकारको हुन्छ । थनौरो फलामबाट बनाइन्छ ।

साकेवा पर्वमा विभिन्न मुद्रामा नाच्दै थनौरो बजाइन्छ । यसलाई बजाउँदा ढोलको तालसँग मिलाएर बजाइन्छ ।



# मादल

मादल नेपाली जनजीवनमा निकै प्रचलित लोकप्रिय तालबाजा हो । यो बाजा मगर (नाग) जातिको बाजा मानिन्छ । नेपालका प्राय: सबै भागहरूमा मादल बजाइन्छ । मादल कम्मरमा भिरेर हातले बजाइन्छ ।



छतिउन, दार तथा खमारीको काठबाट मादल बनाइने गरिन्छ । मादल बनाउँदा काठको मुढालाई भित्र खोपेर खोक्रो पारी घार तयार पारिन्छ । घारको दुवैपट्टि मुखमा छालाले मोरेर छालाकै तनाले कसिन्छ । दुवैपट्टि छालामा काँस तथा किटको धूलो मिसाएर खरी लगाइएको हुन्छ । एकापट्टिको भागमा ठूलो आकारको खरी लगाइएको हुन्छ, जसलाई भाले भनिन्छ । अर्कोपट्टि सानो खरी लगाइएको हुन्छ जसलाई पोथी भनेर चिनिन्छ ।

# च्याम्रङ

च्याम्रङ मेचे जातिमा प्रचलित तालबाजा हो । यो बाजा काँधमा भिरेर एकापट्टि हात तथा अर्कोपट्टि गजोले ठोकेर बजाइन्छ ।



यो बाजा एक हात लामो काठलाई भित्रबाट प्वाल खोपेर बनाइन्छ । यस बाजाको दुवैतर्फ छालाले मोरिएको हुन्छ । छालालाई कस्नका लागि छालाकै ताना बनाइएको हुन्छ ।



9933-712-1-x